बैठक संख्या ४३

कार्यपालिका वैठक मिति २०७५।१०।२९

निर्णय नं. १

यस इटहरी उपमहानगरपालिकाले १ नं. प्रदेश ट्राफिक प्रहरी कार्यालयबाट बा.१ ग. २७९४ नम्वरको स्काभेटर यस कार्यालयको प्रयोजनका लागि भाडामा लिई मिति २०७५।०६।१९ मा प्रति घण्टा रु. २,०००।- (दुई हजार) का दरले दैनिक ८ घण्टा काम गर्ने गरी भाडामा लिने सम्झौता भई तत्कालिन २०७५ असोज २२ गते देखि एक महिनाको लागि संचालन गर्ने गरी लिएकोमा सो अवधिमा जम्मा सात दिनमा ६१.१ घण्टा संचालन भई १० दिन सार्वजनिक बिदामा संचालन नभएको र सो अवधिको अन्य समयमा स्थानीय स्तरमा विवाद भई प्रयोग हुन नसकेको तथा एक महिना व्यतित भई सकेपछि फिर्ता गर्नु पर्नेमा दुवै पक्षको मौखिक सहमतीमा यस कार्यालयले पुनः प्रयोग गर्ने कार्य अगाडी वढाउदा २०७५ कार्तिक २८ गते उक्त स्काभेटर बिग्रिई मर्मतका लागि सवारी चालक (अपरेटर) बाट निवेदन पेश भएकोमा तत्कालीन अवस्थामा आर्थिक अधिकार प्राप्त अधिकारी कार्यालयमा नरहेकोले आदेश हुन नसकी २०७५ पौष ५ मा मात्र मर्मत आदेश भई पुनः पौष ८ गते बाट उक्त स्काभेटर सन्चालन भएको र संचालन गर्ने क्रममा पुनः २०७५ पौष २५ गते खोला जिल्ला सिमानामा रहेकोले स्थानीय सँगको विवादले गर्दा पटक पटक संचालन गर्न काममा अवरुद्ध भई पूर्ण क्षमतामा संचालन गर्न नसकिएको अवस्थामा २०७५ आस्विन २२ गते देखि २०७५ माघ मसान्त सम्म सार्वजनिक बिदा वाहेक जम्मा १०२ दिन यस कार्यालयको जिम्मामा रहेको उक्त समय मध्ये ३८ दिन मर्मत हुन नसकी साधन प्रयोगमा नआएकोले जम्मा १०२ दिन मध्ये ३८ दिन कट्टा गरी बाँकी ६४ दिन स्काभेटर यस कार्यालयको जिम्मामा रही १८६.७ घण्टा प्रयोग भएकोले यस कार्यालय सँग पूर्व क्षेत्रिय ट्राफिक प्रहरी कार्यालय, इटहरी बिच भएको सम्झौताको बुदा नं. १ को क तथा बुदा नं. २ को च अनुसार प्रति दिन ८ घण्टाको दरले ६४ दिनको जम्मा ५१२ घण्टा यस कार्यालयको जिम्मामा रहेकोले उक्त सम्झौताको बुदा नं. २ को ण बमोजिम प्रति घण्टा रु. २,०००। (दुई हजार) का दरले हुन आउने जम्मा रकम रु. १०,२४,०००।- (दश लाख चौविस हजार)मध्ये यस कार्यालयले पूर्व क्षेत्रिय ट्राफिक प्रहरी कार्यालय, इटहरीको राष्ट्रिय बाणिज्य बैंक, इनरुवा शाखामा रहेको धरौटी खाता नं. २२२०२०३००००००० ख ३१२०३ मा मिति २०७५।०६।२८ मा जम्मा गरेको धरौटी रकम कट्टा गरी बाँकी हुन आउने रकम रु. ५,२४,०००।- (पाँच लाख चौविस हजार) नेपाल बैंक लिमिटेड, इटहरीमा रहेको पूर्व क्षेत्रिय ट्राफिक प्रहरी कार्यालय, इटहरीको राजश्व शिर्षक नं. १४१५१ खाता नं. क-१-१-००३ मा जम्मा हुने गरी उक्त स्काभेटरको भाडा भुक्तानी दिने र सोही सम्झौताको बुँदा नं. २ (ङ) बमोजिमको मर्मत र बुँदा नं. २ (ङ) बमोजिम ग्रिज आयल, इन्जिन आयल, मोविल समेतको रकम रु. ६८०७९।- (अड्सठ्ठी हजार उनासी मात्र) मर्मत गर्ने कम्पनीलाई भुक्तानी दिने निर्णय गरियो ।

नि० प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. २**

किरात राई यायोक्खा केन्द्रिय कार्य समिति, केन्द्रिय कार्यालयले आफ्नो दशौं राष्ट्रिय महाधिवेशन यहि मिति २०७५ साल फागुन १८, १९ र २० गते देखि धरानमा हुन गईरहेकोले आर्थिक सहयोग माग भई आएको हुँदा उक्त समितिलाई अन्य सहायता शिर्षकबाट रु. ५०,०००।- (पचास हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३**

यस कार्यालयबाट वडा कार्यालय संचालनका लागि लिईएका घरभाडाको सम्झौता गर्दाको अवस्थामा म्याद नतोकी सम्झौता भएको देखिएको हुँदा तपसिल बमोजिमका कार्यालय संचालनका लागि लिईएका तपसिलका व्यक्तिहरुको घरभाडाको म्याद तपसिल अनुसार कायम गरी सम्झौता गर्ने निर्णय गरियो ।

| घर धनिको नाम | वडा नं. | सम्झौता लागु हुने मिति | २ बर्ष पुरा हुने मिति | घर बहालको प्रयोजन |
|---|---|---|---|---|
| गणेश चौधरी | १० | २०७४ माघ १ गते | २०७६ पौष मसान्त | १० नं. वडा कार्यालय |
| सरिता देवी चौधरी | ११ | २०७४ माघ १ गते | २०७६ पौष मसान्त | १० नं. वडा कार्यालय |

**निर्णय नं. ४**

इटहरी उपमहानगरपालिकाबाट आ.ब. २०७४/७५ मा सम्झौता भई संचालनमा रहेका तपसिलमा उल्लेखित योजनाहरुको मिति २०७५ फागुन मसान्त सम्म म्याद थप गरी भुक्तानी दिने निर्णय गरियो ।

(क) मितेरी मार्ग बालग्राम उपभोक्ता समिति, इटहरी ७

**निर्णय नं. ५**

यस इटहरी उपमहानगरपालिकाको २० वटै वडाहरुमा अनलाईनबाट आय लेखा, सम्पति कर तथा पंजिकरणको काम संचालनमा रहेको तथा पटक पटक लाईन जाने भएको हुँदा ७ वटा वडाहरुमा विगत आ.ब. देखिनै इन्भटर खरिद गरि पावर ब्याकअपको ब्यवस्था भएकोमा बाँकी रहेका १३ वटा वडाहरुमा पावर ब्याकअप ब्यवस्था गर्न २०७५।०४।२३ मा निर्णय भएको र सो निर्णयानुसार मिति २०७५।०४।२५ मा सिलबन्दी दरभाउ पत्र आब्हान गरि सूचना प्रकाशित गर्दा ६ थान शिलबन्दी दरभाउपत्र दर्ता भएको र त्यसमध्ये सबै भन्दा घटी कबोल गर्ने एग्रोमिल मेसिनरीले पेश गरेको शुकाम पावर शिष्टम लि.को १६०० भि.ए. को इन्भटर प्रति इकाई १५२००।- ले पेश भएको दरभाउपत्र २०७५।०५।१६ गते को मुल्यांकन समितिको बैठकबाट स्वीकृत गर्ने सिफारिस भै आएको र उक्त सिफारिस बमोजिम यस कार्यालयबाट २०७५।०६।२८ मा शिलबन्दी दरभाउपत्र स्वीकृत भई २०७५।०७।१३ गते सम्झौता भई २०७५।०७।१८ मा कार्यादेश दिई कार्यादेश बमोजिम १३ थान इन्भटर प्राप्त भईसकेपछि स्पेशिफिकेसन संग भिडाउँदा स्पेशिफिकेसन निर्माण गर्ने क्रममा २४ भोल्ट हुनु पर्नेमा १२ भोल्ट मात्र भएको स्पेशिफिकेसन तयार भएको तर सूचनामा २४ भोल्ड रहेको र यस कार्यालयका लागि २ थान ब्याट्री जडान हुने २४ भोल्टको आवश्यक पर्ने र सोही बमोजिम इन्भटर प्राप्त भएको र मिति २०७५।०८।२४ मा विद्युत प्राविधिक राजन थापाबाट प्रतिवेदन समेत प्राप्त भै सकेको हुँदा सोही बमोजिम १३ थान इन्भटर खरिद गर्दाको जम्मा रकम रु.१९७६००।- (एक लाख सन्तानब्बे हजार छ सय) कर सहित भुक्तानी दिने निर्णय गरियो ।